आ.व. २०८२।८३
बैठक नं.-२०
मिति २०८३।०२।२८

मिति २०८३।०२।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु।

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा । | संगठन तथा व्यवस्थापन सर्वेक्षण स्विकृत गरी राय सुझावका लागि प्रदेश सरकारमा पेश गर्ने। | |
| ३ | कमैया कमलहरी आयवृद्धि तथा सीप विकास कार्यक्रम सम्बन्धमा। | बाख्रापालन तालिम तथा बाख्रा वितरण कार्यक्रम संचालन गर्ने । | |
| ४ | स्टार्ट अप कार्यक्रम कार्यविधि सम्बन्धमा। | कार्यविधि स्विकृत गर्ने। | |
| ५ | गाउँसभाको बैठक आव्हान सम्बन्धमा। | राप्ती गाउँपालिकाको दोस्रो गाउँसभाको नवौ अधिवेसनको बैठक तय गर्ने। | |
| ६ | हरियाली कार्यालय जाने सडक योजना अपुग रकम सम्बन्धमा। | सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने। | |

आ.व. २०८२।८३
बैठक नं.-२०
मिति २०८३।०२।२८

**मिति २०८३।०२।२८ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अधिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं.२** – संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम गठित समितिद्धारा पेश भएको राप्ती गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्विकृत गरी राय सुझावका लागि प्रदेश सरकारमा पेश गर्ने।

**निर्णय नं. ३-** राप्ती गाउँपालिकाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम तर्फ विनियोजित कमैया कमलहरी आयवृद्धि तथा सीप विकास कार्यक्रमबाट बाख्रा पालन सम्बन्धी तालिम र बाख्रा वितरण कार्यक्रम संचालन गर्ने।

**निर्णय नं.४ -** राप्ती गाउँपालिकाको युवा लक्षित कृषि, पशुपालन तथा मत्स्यपालन स्टार्ट अप कार्यक्रम कार्यविधि २०८३ स्विकृत गर्ने।

**निर्णय नं.५-** राप्ती गाउँपालिकाकाको दोस्रो गाउँसभाको नवौं अधिवेसनको प्रथम बैठक मिति २०८३।०३।०५ गते विहान ११:०० बजे राप्ती गाउँपालिकाको सभाहलमा बस्ने गरी तय गर्ने ।

**निर्णय नं. ६-** राप्ती गापाको आ व २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत हरियाली कार्यालय जाने सडक स्तरोन्नती राप्ती ५ शिर्षकको योजना कार्यान्वयनमा अपुग रकम रु ३,००,०००/- सडक लगायत सार्वजनिक पुर्वाधार मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने गरी कार्यान्वयन गर्ने।